## मानननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल पद बहाली भएपछि एक वर्षमा भएका संस्थागत सुधारका कार्यहरु र आगामी एक वर्षमा गरिने कार्यक्रमको रुपरेखा

## सुधारका कार्यहरु

**१. मुद्दाको सफलतामा बृद्धि :** आ.व. २०७४।०७५ मा सरकार वादी मुद्दा र सरकारी पक्षको संलग्नता भएका मुद्दाको सफलतामा करिब ४ प्रतिशतले बृद्धि भई ७२.२८ प्रतिशत पुगेको छ। विगत दश वर्षको अवधिमा भएको यो सबैभन्दा धेरै सफलता हो।

**२. संहिता कार्यान्वयनका लागि अग्रसरता :** मुलुकी अपराध संहिता समेतका नयाँ संहिताहरुको कार्यान्वयनका लागि सरकारी वकीलहरुलाई प्रशिक्षण प्रदान गर्नुका साथै अन्य सरोकारवाला निकायहरुलाई समेत ती कानूनहरुको कार्यान्वयन गर्ने दिशामा क्रियाशील गराउन अगुवाइ गरिएको छ। सरकारी वकील तथा सरकारी वकील कार्यालयका कर्मचारीहरुलाई लक्षित गरी विभिन्न २० वटा प्रशिक्षण कार्यक्रम मार्फत ६९६ जनालाई प्रशिक्षण प्रदान गरिएको छ। संहिता कार्यान्वयनका लागि पूर्व तयारीस्वरुप सबै सरकारी वकील कार्यालय प्रमुखहरुको उपस्थितिमा दुई दिवसीय राष्ट्रिय कार्यशालाको आयोजना गरियो। संहिता कार्यान्वयनका लागि सहजीकरण गर्न नायब महान्यायाधिवक्ताको नेतृत्वमा सहजीकरण समिति गठन गरी क्रियाशील रहेको छ। संहिता कार्यान्वयनका लागि आवश्यक पर्ने देहाय बमोजिमका नियम, निर्देशिकाको मस्यौदा तयार पारी सरकारसमक्ष पेश गरिएको छ :

क. कसूरको अनुसन्धान नियमावली, २०७५ (जारी भैसकेको) ख. सरकारी वकीलसम्बन्धी नियमावली (मस्यौदा तयार)

ग. माफी सम्बन्धी निर्देशिका घ. मुद्दा फिर्ता सम्वन्धी निर्देशिका

**३. हेलो साक्षी कार्यक्रम :** सरकार वादी मुद्दाका पीडित एवम् साक्षीहरुलाई न्यायिक प्रक्रियामा संलग्न गराई न्याय सम्पादन कार्यमा सहयोग पुर्‍याउनका लागि हेलो साक्षी कार्यक्रम सञ्चालन गरिएको छ। यसले साक्षीहरुलाई अदालतमा उपस्थित हुनका लागि उत्प्रेरित गरेको छ।

**४. नमुना सरकारी वकील कार्यालयको व्यवस्था :** प्रत्येक प्रदेशमा एउटा सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रुपमा विकास गर्ने कार्यक्रम अन्तर्गत यस वर्ष **प्रदेश नं. १ को सुनसरी**, **प्रदेश नं. २ को धनुषा**, **प्रदेश नं. ३ को ललितपुर**, **प्रदेश नं. ४ को कास्की**, **प्रदेश नं. ५ को रुपन्देही**, **प्रदेश नं. ६ को सुर्खेत** र **प्रदेश नं. ७ को कन्चनपुर** जिल्ला सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रुपमा घोषणा गरी कार्यान्वयनमा ल्याइएको छ।

**५. समुदायमा सरकारी वकील :** सरकार वादी मुद्दाको कारवाही प्रक्रिया एवम् विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गर्नुका साथै कानून कार्यान्वयन र अपराधको रोकथाममा समुदायको भूमिकाका बारेमा जानकारी दिनका लागि समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिएको छ।

**६. कारागार तथा हिरासत अनुगमन :** महान्याायधिवक्तालाई संविधानले प्रदान गरेको जिम्मेवारी बमोजिम कारागार तथा हिरासतमा रहेका कैदी र थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा ३१ वटा कारागार र ४२ वटा हिरासत कक्षको अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ। अनुगमन प्रतिवेदनले औंल्याएका विषयहरु कार्यान्वयनका लागि सरोकारवाला निकायका पदाधिकारीहरुसँग परामर्श गरिएको छ।

**७. सरकारी वकीलको विशिष्टीकरण**

**क.** सरकारी वकीलहरूलाई विशिष्टीकरण गरी सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयले २०७५ जेठ १५ गते देखि लागू हुने गरी सरकारी वकीलको विशिष्टीकरण सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गरिएको छ।

**ख.** संवैधानिक कानून, राजस्व कानून, संगठित अपराध निवारण कानून, सेवा कानून, सार्वजनिक सम्पत्ति सम्बन्धी कानून, भ्रष्टाचार निवारण कानून, बैंकिङ कसूर सम्बन्धी कानून समेतका विभिन्न ७ वटा विषयका विशिष्टीकरण सम्वन्धी पाठ्यक्रम स्वीकृत गरिएको छ। साइवर अपराध नियन्त्रण कानून र लैंगिक तथा बाल न्याय सम्बन्धी पाठ्यक्रम तयारीको क्रममा रहेको छ।

**ग.** संवैधानिक कानून तथा राजस्व कानूनमा ४७ जना सरकारी वकीलले विशिष्टीकरण सम्वन्धी प्रशिक्षण प्राप्त गरी संवैधानिक कानूनमा १८ जना र राजस्व कानूनमा १२ जना सरकारी वकीललाई विशिष्टीकृत गरिएको छ।

**घ.** संगठित अपराध निवारण कानूनमा विशिष्टीकरणका लागि आगामी फागुन १२ गतेदेखि राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तयारी भएको छ।

महान्यायाधिवक्ताको कार्यालय नेपाल

**८. लगातार सुनुवाइका लागि निर्देशन :** मुद्दामा लगातार कारवाही र सुनुवाइले मुद्दाको फछ्र्यौटका साथै प्रमाण परीक्षणमा सहयोग भई न्याय सम्पादनमा सहयोग हुने हुँदा यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन सम्पूर्ण प्रहरी र सरकारी वकील कार्यालयहरूलाई निर्देशन दिइएको छ ।

**९. प्रहरीसँगको प्रादेशिक सम्मेलन :** नयाँ संहिता कार्यान्वयनमा केन्द्रित भई प्रादेशिक तहमा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रादेशिक सम्मेलन **विराटनगर, बुटवल, नेपालगञ्ज र काठमाडौं**मा सम्पन्न भएको छ । यसले संहिता कार्यान्वयनमा साझा धारणा विकास गराउन सहयोग पुगेको छ ।

**१०. सरकारी वकीलको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न :** सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५ साल पौष ८, ९ र १० गते काठमाडौंमा आयोजना गरिएको थियो । **"वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन"** भन्ने मूल नारा रहेको सो सम्मेलनमा देशभरका ३७५ सरकारी वकील र अन्य सरोकारवाला निकायका प्रतिनिधि समेत गरी ४४६ जना सहभागी रहेका थिए । सो सम्मेलनले ३० बुँदे घोषणापत्र समेत जारी गरेको छ ।

**११. कानूनी राय प्रदान :** आर्थिक वर्ष २०७४।०७५ मा १०३ वटा विषयमा कानूनी राय माग गरिएकोमा विभिन्न ८७ वटामा राय प्रदान गरिएको र ११ वटा रीत नपुगेकोले फिर्ता गरिएको र पाँच वटा कानूनी राय प्रदान गर्न बाँकी रहेको थियो । चालु आर्थिक वर्षमा १६ वटा राय माग भई आएकोमा ४ वटा रीत नपुगेकोले फिर्ता गरिएको र बाँकी १२ वटा राय प्रदान गरिएको छ ।

**१२. संहिता पुनरावलोकनका लागि सुझाव :** मुलुकी अपराध संहिता समेतका नयाँ संहिताहरुको कार्यान्वयनको क्रममा देखिएका विषयहरुलाई समेत समावेश गरी ती संहितामा परिमार्जनका लागि नेपाल सरकारलाई सुझाव प्रस्तुत गरिएको छ ।

**१३. विभिन्न कानूनमा पुनरावलोकनका लागि सुझाव :** महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन मार्फत फौजदारी न्याय प्रशासनसँग सम्बन्धित विभिन्न कानूनमा पुनरावलोकनका लागि सुझाव प्रस्तुत गरिएको छ ।

**१४. बैंकिङ कसूर सम्बन्धी कानूनको कार्यान्वयनका बारेमा छलफल :** बैंकिङ कसूर सम्बन्धी कानूनको हालको कार्यान्वयनको अवस्थाको समीक्षा गरी चेक बाउन्स सम्बन्धी कसूरलाई जिल्ला अदालतले हेर्ने गरी तोक्ने व्यवस्था गर्न नेपाल सरकार समक्ष सुझाव प्रस्तुत गरिएको छ । सो कानूनको व्यवस्थाका सम्वन्धमा आवश्यक प्रचार प्रशार गर्न नेपाल राष्ट्र बैंकमा लेखी पठाइएको छ ।

**१५. सरकारी वकीलको सेवा शर्त सम्वन्धी कानून :** नेपालको संविधानको धारा १६१ ले निर्धारण गरे बमोजिम सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्वन्धी विधेयकको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष प्रस्तुत गरिएको छ ।

**१६. सरकारी वकीलको नयाँ संरचना र दरबन्दी स्वीकृत :** थप भएका दुई वटा उच्च सरकारी वकील कार्यालय, ओखलढुंगा र वीरगञ्जको संगठन संरचना र दरवन्दी स्वीकृत भएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि दरबन्दी स्वीकृत भएको छ । यो एक वर्षमा ४६ जना सरकारी वकील सहित २२५ जना कर्मचारीको दरबन्दी थप भएको छ ।सरकारी वकीलको कार्यबोझका आधारमा जनशक्ति व्यवस्थापनका लागि व्यवस्थापन तथा सर्वेक्षण समिति गठन गरी प्रतिवेदन तयार भैरहेको छ ।

**१७. पुरस्कारको मापदण्ड स्वीकृत :** महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरु र कर्मचारीहरुलाई महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिने पुरस्कार सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गरी सोही मापदण्डका आधारमा पुरस्कार प्रदान गर्न प्रारम्भ गरिएको छ ।

**१८. सर्वोत्कृष्ट वर्ष सरकारी वकील (एटर्नी अफ दि इयर) :** सरकारी वकीललाई कार्य सम्पादनप्रति उत्प्रेरित गर्नका लागि यसै वर्षदेखि सर्वोत्कृष्ट वर्ष सरकारी वकील (एटर्नी अफ दि इयर) को घोषणा गरिएको छ । यस वर्ष नायब महान्यायाधिवक्ता श्री किरण पौडेलले सो पुरस्कार प्राप्त गर्नु भएको छ । थप १० जना सरकारी वकील र कर्मचारीलाई उत्कृष्ट सरकारी वकील÷कर्मचारीको रुपमा पुरस्कृत गर्ने अभ्यासलाई निरन्तरता दिइएको छ ।

**१९. रणनीतिक योजनाको कार्यान्वयन :** आ.व. २०७४।०७५ का लागि महान्यायाधिवक्ताको कार्यालयको वार्षिक कार्ययोजनामा २७० वटा कार्यक्रम रहेकोमा ती कार्यक्रमहरूको कार्यान्वयनको अवस्था हेर्दा कार्यान्वयन भएका १२१ वटा (करिव ४४.८१ प्रतिशत), आंशिक कार्यान्वयन भएका ६४ वटा (करिव २३.७० प्रतिशत), कार्यान्वयन हुन बाँकी भएका ८४ वटा (करिव ३१.११ प्रतिशत) रहेका छन् । योजनाको मध्यावधि मूल्यांकनको कार्य प्रारम्भ गरिएको छ ।

२०. **IAP को सदस्यता :** यस वर्ष महान्यायाधिवक्ताको कार्यालयले International Association of Prosecutor को सदस्यता प्राप्त भएको छ ।

**२१. मुख्य न्यायाधिवक्तासँगको कार्यशाला :** मुख्य न्यायाधिवक्ताको काम कारवाही एवम् महान्यायाधिवक्तासँगको अन्तरसम्बन्ध विषयक एक दिवसीय राष्ट्रिय कार्यशाला आयोजना गरी सबै प्रदेशका मुख्य न्यायाधिवक्ताहरुसँग छलफल गरिएको छ ।

**२२. सरकारी पक्षको प्रतिरक्षासम्बन्धी छलफल कार्यक्रम :** नेपाल सरकारको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउन सरोकारवाला निकायका प्रतिनिधिहरु र सरकारी वकीलहरु बीच छलफल कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रम नेपाल सरकारका मुख्य सचिव, सचिवहरु, विभागीय प्रमुखहरु समेतको सहभागिता रहेको थियो ।

**२३. महिला तथा बालबालिकासम्बन्धी कार्यशाला :** वर्तमान संविधान र नयाँ संहिताले महिला तथा बालबालिका सम्वन्धमा गरेका व्यवस्थाहरु र सोको कार्यान्वयनका बारेमा सरोकारवाला निकायका प्रतिनिधिहरु समेतको सहभागितामा राष्ट्रिय कार्यशाला सम्पन्न भएको छ । सम्माननीय प्रधान न्यायाधीशज्यूबाट समुद्घाटन भएको सो कार्यशालामा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूको समेत उपस्थिति रहेको थियो । सो कार्यशालाले नयाँ कानूनको कार्यान्वयनका लागि मार्गदर्शन गरेको छ ।

**२४. सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको आचारसंहिता जारी :** सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको पदीय एवं पेशागत आचरण र व्यवहार सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा विकसित मान्यता तथा सिद्धान्त र विद्यमान राष्ट्रिय कानून, प्रचलन, व्यवहार तथा न्यायिक सँस्कृतिका विभिन्न पक्षलाई समेटी सरकारी वकील कार्यालयको सेवालाई छिटोछरितो, स्वच्छ, निष्पक्ष, पारदर्शी एवं वस्तुनिष्ठ रूपमा सम्पादन गर्दै सेवालाई अझ बढी व्यावसायिक, मर्यादित, अनुशासित र विश्वासिलो बनाउन सरकारी वकील र सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीकोआचारसंहिता बनाई जारी गरिएको छ ।

**२५. कार्यालय अनुगमन तथा अभियोजन परीक्षण निर्देशिका जारी :** सरकारी वकील कार्यालयको निरीक्षण तथा अभियोजन परीक्षणलाई व्यवस्थित र प्रभावकारी बनाउन निर्देशिका जारी गरिएको छ । आकस्मिक अनुगमनको अभ्यास थालनी गरिएको छ । अनुगमनबाट देखिएका समस्या समाधान गर्नका लागि सामूहिक छलफल कार्यक्रम समेत प्रारम्भ गरिएको छ ।

**२६. पुस्तकालय सञ्चालन :** महान्यायाधिवक्ताको कार्यालयको पुरानो भवनबाट सिंहदरबार परिसरभित्र प्रिफ्याव भवनमा पुस्तकालय स्थानान्तरण गरी सञ्चालनमा ल्याइएको छ । यस वर्ष करिव २५० पुस्तकहरु थप गरिएको छ । पुस्तकालयलाई व्यवस्थित गर्नका लागि पुस्तकालय व्यवस्थापन निर्देशिका जारी गरिएको छ ।

**२७. समन्वय समितिको क्रियाशीलता :** सरकार वादी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन यस अवधिमा ५ पटक समन्वय समितिको बैठक बसी विभिन्न विषयमा नीतिगत मार्गदर्शन गरिएको छ । अनुसन्धानको प्रक्रियामा देखिएका समस्याहरु समाधान गर्न विशेष प्रयास गरिएको छ । उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयको तहमा समेत समन्वय समितिको व्यवस्था गरी स्थानीयस्तरमा समेत समन्वयका कार्यहरु अगाडि बढाइएको छ ।

**२८. विभिन्न समितिलाई क्रियाशीलता :** सजाय सुझाव समिति, प्रोवेशन तथा प्यारोल बोर्ड र पीडित संरक्षण तथा सुझाव समितिको वैठक बसी ती समितिहरुलाई क्रियाशील बनाउने प्रयास गरिएको छ ।

**२९. फोकल पर्सनको व्यवस्था :** सबै मन्त्रालय, संवैधानिक निकाय र केन्द्रीय तहका निकायहरुलाई ती निकायको प्रतिनिधित्व तथा प्रतिरक्षा गर्नु पर्ने विषयमा आवश्यक सूचना तथा जानकारी संकलन गर्नका फोकल पर्सनको विवरण अध्यावधिक गरिएको छ ।

**३०. वैदेशिक कार्यक्रममा सहभागिता :** यो अवधिमा आठ जना महिलासहित ५७ जना सरकारी वकीलले वैदेशिक अध्ययन अवलोकनको अवसर प्राप्त गरेकाछन् । महान्यायाधिवक्ताको कार्यालयको इतिहासमा यति ठूलो संख्यामा अवसर प्राप्त भएको यो पहिलो पटक हो । यसबाट अन्य मुलुकले अवलम्बन गरेका सफल अभ्यासको बारेमा परिचित भई कार्य सम्पादनमा नवीन दृष्टिकोण ल्याउन सहयोग पुगेको छ ।

**३१. कार्यालय अनुगमन :** गत आर्थिक वर्ष र २०७५ पौष मसान्तसम्ममा ३६ वटा अनुगमन टोलीबाट १६ वटा उच्च सरकारी वकील कार्यालयहरू र ६९ वटा जिल्ला सरकारी वकील कार्यालयहरूमा जम्मा ९१ पटक अनुगमन भएको थियो । अनुगमनले कार्य सम्पादनमा सुधार ल्याउन सहयोग पुर्‍याएको छ ।

**३२. अंग्रेजी भाषाको प्रशिक्षण :** सरकारी वकील तथा कर्मचारीहरुको क्षमता विकास गर्ने क्रममा दुइ चरणमा अंग्रेजी भाषा सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरियो । सो क्रममा एउटा आधारभूत प्रशिक्षण र अर्को विशिष्ट प्रशिक्षण सञ्चालन गरिएको थियो ।

**३३. क्षमता विकास कार्यक्रम :** सरकारी वकील र कर्मचारीहरुका लागि क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ । समावेशी समूहका सरकारी वकीललाई लक्षित गरी एक महिने क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ । यसले कार्य सम्पादनमा गुणात्मकता अभिबृद्धि गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन समेत सहयोग पुगेको छ ।

**३४. प्राध्यापकहरुसँगको छलफल :** गुणस्तरीय कानूनी शिक्षा र दक्ष जनशक्तिको प्राप्तिका लागि कानूनका प्राध्यापकहरुसँग छलफल गरी सुझाव प्रस्तुत गरिएको छ ।

**३५. विधेयक तर्जूमामा सहजीकरण :** महान्यायाधिवक्ताको नेतृत्वमा गठित कानून तर्जूमा सहजीकरण समितिले विभिन्न २१ भन्दा बढी कानूनहरुको मस्यौदा उपर छलफल गरी सुधारका लागि सुझाव प्रस्तुत गरेको थियो ।

**३६. एकीकृत कानूनी सहायता नीतिको मस्यौदा उपर छलफल :** कानूनी सहायतालाई एकीकृत रुपमा प्रवाह गर्नका लागि तयार पारिएको एकीकृत कानूनी सहायता नीतिको मस्यौदा उपर छलफल गरी सुझाव प्रदान गरिएको छ ।

**३७. बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश :** मिति २०७५ साल फागुन ६ गते सोमबार आ.व २०७४/०७५ कोमहान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश गरिएको छ । प्रतिवेदनमा महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयबाट भएका काम कारवाहीको विस्तृत विवरण उल्लेख छ ।

**३८. पुस्तक प्रकाशन:** अभियोजन जर्नल, Prosecution Journal-II, संवैधानिक स्रोत सामग्री, सम्मेलन विशेषाङ्क लगायतका सामग्रीहरुको प्रकाशन गरिएको छ । विद्युतीय प्रणालीबाट समेत पुस्तकालयलाई सुदृढ तुल्याउने कार्य प्रारम्भ गरिएको छ ।

**३९. इ एटर्नी कार्यक्रम कार्यान्वयन :** सरकारी वकील कार्यालयहरूमा मुद्दा व्यवस्थापन प्रणाली मार्फत विवरण अध्यावधिक गर्ने व्यवस्था गरिएकोछ । सम्पत्ति व्यवस्थापन सफ्टवेयर तयार भई सञ्चालनको अवस्थामा रहेको छ । पेशी व्यवस्थापन सफ्टवेयर अध्यावधिक गरी कार्यान्वयनमा ल्याउन थालिएको छ । विशेष सरकारी वकील कार्यालयका लागि मुद्दा व्यवस्थापन सफ्टवेयर तयार भएको छ । विद्युतीय उपकरणहरु खरिद गरी सम्बन्धित सरकारी वकील र कार्यालयहरुलाई वितरण गरिएको छ । प्रत्येक सरकारी वकील तथा अन्य कर्मचारीहरुका लागि कार्यालयबाट Official e-mail बनाई प्रयोगमा ल्याइएको छ । विद्युतीय सञ्जालबाट कार्य सम्पादन प्रारम्भ भएको छ । प्रत्येक कार्यलयले वेभसाइटमा विवरण अध्यावधिक गर्न थालेका छन् । कार्यालयको फेसबुक पेज तयार गरी कार्यान्वयनमा ल्याइएको छ । ई-एटर्नी प्रोग्रामलाई प्रभावकारी बनाउनका लागि विशेष प्रयास गरिएको छ ।

**४०. सिसिटिभी जडान :** उच्च सरकारी वकील कार्यालय, पाटन तथा जिल्ला सरकारी वकील कार्यालय, काठमाडौ, भक्तपुर र ललितपुर कार्यालयहरुमा CCTV जडान गरी सो कार्यालयहरुको काम कारवाही यस कार्यालयबाट अनुगमन निरीक्षण गर्ने कार्यको थालनी भएको छ । यसले कार्य सम्पादनमा सकारात्मक प्रभाव पारेको छ ।

**४१. सार्वजनिक सम्पत्तिको संरक्षण :** सार्वजनिक र सरकारी सम्पत्तिको संरक्षणसँग जोडिएका मुद्दाको अवस्थाका बारेमा अनुसन्धानमूलक अध्ययन सम्पन्न भएको छ । सो अध्ययनले औंल्याएका सुझावहरुलाई कार्यान्वयन गर्ने दिशामा प्रारम्भिक प्रयास गरिएको छ ।

**४२. गम्भीर प्रकृतिका विवादमा समूहगत प्रतिनिधित्व :** गम्भीर प्रकृतिका विवादमा सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउन समूहगत रुपमा प्रतिनिधित्व गर्ने अभ्यासलाई निरन्तरता प्रदान गरिएको छ । विषयको गम्भीरताका आधारमा जिल्ला तथा उच्च अदालतमा समेत महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीलहरु बहसमा सहभागी भएको अवस्था छ ।

**४३. जग्गा तथा भवन**

**क. सामान्य प्रशासन मन्त्रालयको भवन प्राप्त :** २०७२ सालको भूकम्पले क्षतिग्रस्त महान्यायाधिवक्ताको कार्यालयको भवन भत्काई नयाँ भवन निर्माणको प्रक्रियामा रहेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रानुसार साविक सामान्य प्रशासन मन्त्रालय रहेको भवनमा महान्यायाधिवक्ताको कार्यालय सरेकोले हाल महान्यायाधिवक्ताको कार्यालयको दैनिक कार्य साविक सामान्य प्रशासन मन्त्रालयबाट भैरहेको छ ।

**ख. नयाँ भवनको शिलान्यास :** महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय, पोखरा र जिल्ला सरकारी वकील कार्यालय तेह्रथुम र मोरङको भवन निर्माणका लागि शिलान्यास गरिएको छ । जिल्ला सरकारी वकील कार्यालय, धनुषाको निर्माण कार्य समेत प्रारम्भ भएको छ ।

**ग. नयाँ भवन उद्घाटन :** उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज र जुम्ला तथा जिल्ला सरकारी वकील कार्यालय, रामेछाप, धनकुटा, लमजुङ, सोलुखुम्बु, नुवाकोट र उदयपुरको समेत ८ वटा कार्यालय भवनको समुद्घाटन गरिएको छ ।

**घ. जग्गा प्राप्ति**

(१) विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय काठमाडौका लागि माइतिघरमा ६ रोपनी १ आना जग्गा प्राप्त भएको छ ।

(२) जिल्ला सरकारी वकील कार्यालय, चितवनका लागि दस कठ्ठा जग्गा प्राप्त भएको छ ।

(३) महान्यायाधिवक्ताको कार्यालयका लागि भवन निर्माण भएको स्थानमा थप एक रोपनी चार आना तीन दाम जग्गा प्राप्त भएको छ ।

(४) उच्च सरकारी वकील कार्यालय, राजविराजका लागि पाँच कठ्ठा जग्गा प्राप्त भएको छ ।

**४४. सवारी साधन :** यो अवधिमा दुइ वटा भ्यानसहित ६ वटा सवारी साधन खरिद गरी सरकारी वकील कार्यालयहरुलाई वितरण गरिएको छ ।

## आगामी कार्यक्रमको रुपरेखा

**१. पन्ध्रौ योजनामा अपराध अनुसन्धान र अभियोजनको विषय समावेश गर्न सहजीकरण गर्ने :** आगामी पन्ध्रौ त्रिवर्षीय वर्षीय राष्ट्रिय योजनामा अपराध अनुसन्धान, अभियोजनसम्बन्धी सोच, लक्ष्य र उद्धेश्य सहितका सुधारका रणनीतिक विषयहरु समावेश गर्न सहजीकरण गरिनेछ ।

**२. कानून विश्वविद्यालयको स्थापनाका लागि सहजीकरण गर्ने :** न्यायिक क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्तिको गुणात्मकता अभिबृद्धि गर्न कानूनको अध्ययनलाई विस्तार गरी पहुँचयोग्य बनाउनका लागि छुट्टै कानून विश्वविद्यालयको स्थापना गरी प्रादेशिक तहमा कानून क्याम्पसहरुको विस्तार गर्नका लागि सहजीकरण गरिनेछ ।

**३. सरकारी पक्षको सफलतामा बृद्धि गर्ने :** आगामी एक वर्षमा सरकारी पक्षको संलग्नता भएका मुद्दाको सफलता प्रतिशत ७२.२८ बाट बृद्धि गर्न बस्तुगत र वैज्ञानिक आधारमा अपराध अनुसन्धान गर्न मार्गदर्शन गरिने र प्रभावकारी अभियोजन गरिने छ । सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउन सरकारी वकीलको क्षमता विकासका अतिरिक्त सरोकारवाला निकायहरुसँगको समन्वयलाई प्राथमिकता प्रदान गरिनेछ ।

**४. कार्यबोझका आधारमा जनशक्तिको व्यवस्थापन :** मुद्दाको कार्यबोझका आधारमा सरकारी वकील र कर्मचारीहरुको दरबन्दी व्यवस्थापन गरिनेछ । नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षणले प्रस्ताव गरेका दरबन्दी कार्यान्वयनमा ल्याउन प्रयास गरिनेछ ।

**५. मुलुकी संहिताको प्रभावकारी कार्यान्वयन :** मुलुकी अपराध संहितासहितका नयाँ कानूनको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ ।सजाय सुझाव समिति र प्रोवेसन तथा प्यारोल बोर्डलाई क्रियाशील तुल्याइनेछ । ती समितिहरुका सचिवालय सहितको पूर्वाधार बनाउन प्रयास गरिनेछ । संहिताले समेटेका नयाँ अवधारणाको बारेमा अभियोजनकर्ता र अनुसन्धानकर्तालाई प्रशिक्षण प्रदान गरिनेछ । खास गरी अभियोग दावीमा छुट सम्बन्धी विषयलाई प्राथमिकतापूर्वक प्रशिक्षण प्रदान गरी कार्यान्वयन गरिनेछ ।

**६. पीडित र साक्षी सहायता निर्देशिकाको पुनरावलोकन र कार्यान्वयन :** अपराध पीडितको हकसम्वन्धी ऐनको कार्यान्वयनका लागि अपराध पीडित तथा साक्षी सहायता निर्देशिकाको पुनरावलोकन गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ । पीडित सुझाव समितिलाई छुट्टै सचिवालयसहित अपराध पीडितको हित संरक्षण हुने गरी क्रियाशील तुल्याइनेछ । थप १० वटा जिल्लामा पीडित मैत्री कक्ष विस्तार गरिनेछ । अपराध पीडितको पहिचानका लागि छुट्टै निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

**७.नमुना सरकारी वकील कार्यालयको प्रभाव मूल्यांकन र विस्तार :** गत वर्ष घोषणा गरिएका नमुना सरकारी वकील कार्यालयहरुको कार्य सम्पादन र वितरण गरेको सेवा प्रवाहको अवस्थाको बस्तुगत मूल्यांकन गरी प्राप्त नतिजाका आधारमा नमुना सरकारी वकील कार्यालयहरुको विस्तार गरिनेछ । प्रत्येक प्रदेशमा थप एउटा सरकारी वकील कार्यालयलाई नमुना कार्यालयको रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

**८. विद्युतीय माध्यमबाट पुस्तकालयमा पहुँच विस्तार गर्ने :** महान्यायाधिवक्ताको कार्यालयको पुस्तकालयको सुदृढीकरणका अतिरिक्त न्याय र कानूनको क्षेत्रमा विकास भएका नयाँ अवधारणाका बारेमा प्रकाशित सामग्रीसम्मको पहुँच विस्तार गर्नका लागि लेक्सिस नेक्सिस लगायतका वेभमा आधारित सामग्रीमा सरकारी वकीलको पहुँच कायम गर्ने व्यवस्था गरिनेछ । पुस्तकालयमा कम्तीमा पाँच हजार विद्युतीय पुस्तक तथा जर्नलहरुको अभिलेखीकरण गरी सरकारी वकीलहरुको अध्ययनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

**९. इन्टरनेशनल एशोसिएशन अफ प्रोसिक्युटरमा क्रियाशीलता :** इन्टरनेशनल एशोसिएशन अफ प्रोसिक्युटरको सदस्यता प्राप्ति भएको सन्दर्भमा त्यसको क्रियाकलापहरुमा सहभागिता जनाई सरकारी वकीलको क्षमता विकासका लागि यो सँस्थाको सहयोग लिइने छ ।

**१०. बाल सुधार गृहको विस्तार :** प्रत्येक प्रदेशमा बाल सुधार गृहको स्थापना गर्ने र भएका बाल सुधार गृहको क्षमता विस्तार गर्ने कार्यमा सहजीकरण गरिनेछ ।

**११. प्रयोगशालाको स्तरोन्नति र विस्तार :** विधि विज्ञान प्रयोगशालाको स्तरोन्नति गर्न र प्रादेशिक तहमा स्वायत्तता सहितको विधि विज्ञान प्रयोगशालाको स्थापना गर्नका लागि सहजीकरण गरिनेछ ।

**१२. अनुसन्धानकर्ताहरुसँगको सम्मेलन :** अपराध अनुसन्धानको कार्यलाई प्रभावकारी बनाई अपराध नियन्त्रणमा राज्यको भूमिका सुदृढ तुल्याउनका लागि प्रादेशिक तहमा अनुसन्धानकर्ता, अभियोजनकर्ता र विधि विज्ञान विज्ञ एवम् चिकित्सकहरु समेत समावेश गरी प्रादेशिक सम्मेलन गरिनेछ र वर्षको अन्तमा अनुसन्धानकर्ता प्रहरी र सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको आयोजना गरिनेछ ।

**१३. सरकारी वकीलको सेवालाई निष्ठावान र सदाचारयुक्त बनाउने :** सरकारी वकीलहरुको व्यावसायिकता विकास र आचार संहिताको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ र सरकारी वकीलको सेवालाई संविधान, कानून र न्यायका मान्य सिद्दान्तहरु एवम् व्यावसायिक मूल्य मान्यता अनुसार सञ्चालन गरी पेशागत निष्ठा विकास गराउन र सदाचारको प्रवर्द्धन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । दण्ड र पुरस्कारको माध्यमबाट यसको बस्तुगत प्रयोग गरिनेछ । कुनै पनि प्रकारको भ्रष्टाचार र अनियमितता उपर शून्य सहनशिलताको नीति अंगिकार गरिनेछ ।

**१४. सरकारी वकील कार्यालयको अनुगमन तथा अभियोजन परीक्षण :** आगामी वर्ष कम्तीमा ५० वटा सरकारी वकील कार्यालयहरुको निरीक्षण, अनुगमन तथा अभियोजनको अवस्थाको परीक्षण गरिनेछ । अभियोजन अनुगमनको क्रममा देखिएका समस्याहरु समाधान गर्न मार्गदर्शन गरिनेछ । बद्नियतपूर्वक अभियोजन गरिएको पाइएमा प्रचलित कानून बमोजिमको कारवाही चलाइनेछ ।

**१५. अदालतबाट जारी भएका आदेश र प्रतिपादन भएका सिद्धान्तको कार्यान्वयन :** सर्वोच्च अदालतले कानूनको व्याख्याको क्रममा गरेका आदेश र प्रतिपादन गरेका न्यायिक सिद्धान्तको कार्यान्वयनका लागि सरोकारवाला निकायहरुसमक्ष निरन्तर संवाद र समन्वय गरिनेछ । त्यस्ता आदेशहरुको कार्यान्वयनको अवस्थाको बारेमा छुट्टै डेस्क खडा गरी अभिलेख व्यवस्थित गरी कार्यान्वयनको अवस्थाको आवधिक समीक्षा गरिनेछ ।

**१६. समन्वय समितिको क्रियाशीलता :** सरकार वादी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउनका लागि सबै तहका समन्वय समितिलाई क्रियाशील तुल्याइने छ । विगतमा भएका समन्वय समितिका निर्णयहरुलाई एकीकृत गरी सोको कार्यान्वयनको अवस्थाको समीक्षा गरी सुधारका क्षेत्रहरु पहिल्याइने छ ।

**१७. कानूनको प्रभाव मूल्यांकन :** गम्भीर प्रकारका फौजदारी कानूनहरुको प्रभाव मूल्यांकन गर्ने कार्यको थालनी गरिनेछ र आगामी एक वर्षभित्र देहायका तीन वटा कानूनको कार्यान्वयनको प्रभावकारिता मूल्यांकन गरी प्रतिवेदन सार्वजनिक गरिनेछ :

(क) मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

(ख) लागू औषध (नियन्त्रण) ऐन, २०३३

(ग) वैंकिङ कसूर सम्बन्धी ऐन, २०६४

**१८. रणनीतिक योजनाको मध्यावधि मूल्यांकन :** महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको दुइ वर्ष छ महिनाको कार्यान्वयनको अवस्थाको मूल्यांकन गरी नयाँ बनेका कानूनहरुले सरकारी वकीलको भूमिकामा गरेको विस्तार समेतलाई दृष्टिगत गरी रणनीतिक सुधारका क्षेत्रहरुको पुनरावलोकन गरिनेछ ।

**१९.हिरासत तथा कारागारको सुधारका लागि सहजीकरण :** अपराधको अनुसन्धान गर्ने विभिन्न निकायहरुमा रहेका हिरासत कक्ष तथा कारागारहरुको नियमित रुपमा अनुगमन गरी थुनुवा र कैदीहरु उपर मानवोचित व्यवहार गर्ने गराउने कार्यमा आवश्यक सुझाव प्रस्तुत गरिनेछ । आगामी एक वर्षमा विगतमा दिइएका सुझावहरुको कार्यान्वयनको अवस्थाका बारेमा सरोकारवाला निकायहरुसँग समन्वय गरी प्रगतिको समीक्षा गरिनेछ ।

**२०. सरकारी वकीलहरुको विशिष्टीकरण :** सरकारी वकीलहरुको व्यावसायिकता विकासका लागि आगामी एक वर्षभित्र देहायका थप चार वटा विषयमा सरकारी वकीलहरुलाई विशिष्टीकरणका लागि प्रशिक्षण प्रदान गरिनेछ :

(क) सेवा कानून (ख) साइवर अपराध नियन्त्रण कानून

(ग) वैंकिङ कसूर कानून (घ) लैंगिक तथा बाल न्याय

**२१. वैदेशिक अवसरमा विस्तार :** मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरुले अवलम्बन गरेका नयाँ अवधारणाको कार्यान्वयनको अवस्थाका बारेमा सरकारी वकीलहरुलाई अन्य मुलुकले गरेका सफल अभ्यास समेतका विषयमा अध्ययन अवलोकनको अवसर विस्तार गर्नु पर्ने अनिवार्यता रहेको छ । एक वर्ष भित्र कम्तीमा ७५ जना सरकारी वकीलहरुलाई त्यस्तो अवसरमा सहभागी गराउने प्रयास गरिनेछ ।

महान्यायाधिवक्ताको कार्यालय नेपाल

**२२. भौतिक प्रबन्ध :** निर्माणाधीन भवनहरु समयमा सम्पन्न गर्न सहजीकरण गरिने छ। आगामी चार वर्षभित्र सबै सरकारी वकील कार्यालयहरु आफ्नो उपयुक्त भवनमा सञ्चालन हुनेछन्।

**२३. क्षमता विकास कार्यक्रम :** सरकारी वकील तथा कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यकताको पहिचान गरिनेछ र सोही आधारमा प्रशिक्षण प्रदायक निकायहरुसँग समन्वय गरी प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। प्रत्येक सरकारी वकीलले वर्षमा कम्तीमा ३ दिन वा सोभन्दा बढी अवधिको एउटा प्रशिक्षण प्राप्त गर्नेछन्।

**२४. निर्देशिका जारी गरिने :** मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९७ बमोजिम बहस पैरवी, प्रतिरक्षा तथा कानूनी रायसम्बन्धी निर्देशिका र अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका जारी गरिनेछ।

२५.**अभियोजन नीतिको पुनरावलोकन :** नयाँ संहिताले समेटेका विषयहरु समेतलाई आधार मानी महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीतिलाई पुनरावलोकन गरिनेछ। सो नीतिको कार्यान्वयनलाई विशेष प्राथमिकता दिइने छ।

२६.**इन्ट्रानेट मार्फत सञ्जालीकरण गरिने :** महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुलाई विद्युतीय सञ्जालमा आबद्ध गर्ने कार्य प्राथमिकतापूर्वक सञ्चालन गरिने छ। यस वर्ष ५० वटा कार्यालयलाई इन्ट्रानेट मार्फत आबद्ध गरिनेछ। ती कार्यालयहरुलाई विद्युतीय प्रणालीबाट अनुगमन गरिनेछ।

**२७. आगामी एक वर्षभित्र**

क. दस वटा सरकारी वकील कार्यालय भवनको निर्माण कार्य सम्पन्न गरिनेछ।

ख. जिल्ला सरकारी वकील कार्यालय, काठमाडौ र विशेष सरकारी वकील कार्यालयको भवन निर्माण प्रारम्भ गरिनेछ।

ग. उच्च सरकारी वकील कार्यालय, पाटनको जग्गा व्यवस्थापन गरी भवन निर्माणको काम अघि बढाइनेछ। उच्च सरकारी वकील कार्यालय, दिपायल र जिल्ला सरकारी वकील कार्यालय, डोटीको नयाँ भवन बनाउनका लागि कार्य प्रारम्भ गरिनेछ।

घ. जग्गा प्राप्त गर्न बाँकी सप्तरी, जाजरकोट सरकारी वकील कार्यालयहरुलाई जग्गाको अविलम्ब व्यवस्था गरिनेछ। उच्च सरकारी वकील कार्यालय, ओखलढुंगा र बीरगञ्ज तथा जिल्ला सरकारी वकील कार्यालय, नवलपरासी पूर्व र रुकुम पूर्वका लागि जग्गाको व्यवस्थापन गर्ने प्रयास गरिनेछ।

**२८. सरकारी वकील दिग्दर्शनको पुनरावलोकन :** मुलुकी संहिताका व्यवस्थाहरु समेत समावेश गरी सरकारी वकील दिग्दर्शन पुनरावलोकन गरी प्रकाशित गरिनेछ।

**२९. गम्भीर प्रकृतिका विवादमा समूहगत प्रतिनिधित्व** : गम्भीर प्रकृतिका विवादमा सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउन समूहगत रुपमा प्रतिनिधित्व गर्ने अभ्यासलाई अझ सुदृढ बनाई निरन्तरता दिइने छ।

३०. **सजाय निर्धारण ऐनको कार्यान्वयन :** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनले आत्मसात गरेका दण्ड सजाय निर्धारण तथा कार्यान्वयन सम्बन्धी व्यवस्थाका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण गरी सो ऐन कार्यान्वयन गर्न सहजीकरण गरिनेछ। पीडित राहत कोषलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विशेष प्रयास गरिनेछ।

३१. **पूर्व महान्यायाधिवक्तासँगको कार्यशाला :**महान्यायाधिवक्ताको कार्यालयको कार्य सम्पादनलाई प्रभावकारी बनाउनका लागि पूर्व महान्यायाधिवक्ताज्यूहरुसँग नियमितरुपमा राय सुझाव लिइने छ र वार्षिक रुपमा एक पटक पूर्व महान्यायाधिवक्ताहरुसँगको कार्यशाला आयोजना गरी सँस्थागत सुधार र व्यावसायिकता विकासका लागि राय सुझाव संकलन गरिनेछ।

महान्यायाधिवक्ताको कार्यालय नेपाल